# " साक्षरता नै मानव बिकासको पूर्वाधार हो "

## साक्षरताको प्रगति अवलोकन समिति

बुलेटिन नं ३
महिला शिक्षा अंक, २०५४ पुस

## LITERACY WATCH COMMITTEE OF NEPAL

**BULLETIN NO. 3**
Special No. On Women's Education
1997 December

## हाम्रो भनाइ

साक्षरता शिक्षा विकासको पहिलो खुड्किलो हो । त्यो नभै कसैले पनि बिकास गर्न सक्दैन । निरक्षरताले बिकासलाई मात्र अवरुद्ध गर्ने होइन, यसले मानिसहरुलाई आत्मनिर्भर हुन पनि बाधा गर्दछ । तसर्थ हाम्रो देशमा महिलाहरुको बिकास नहुनुको प्रमुख कारण उनीहरुको निरक्षरता नै हो । हाम्रो देशमा राजनैतिक नेताहरु, प्रशासकहरु र सर्वसाधारण जनता पनि गरिबी हटाउने, जनमुखि बिकासको मूल फुटाउने र जनताको जीवनस्तर माथि उठाउने कुरामा बराबर जोड दिन्छन् । यदि हामीले साँचै ती कुराहरु हासिल गर्ने हो भने सर्वप्रथम जनताको शिक्षाको नाममा स्कूलभित्रको बालक बालिकाहरुको मात्र सरकारले जिम्मा लिने र जुन गरिबी, पारिवारिक तथा अन्य कारणबाट स्कूल बाहिर छन् , ती केटाकेटीहरुलाई बेवास्ता गर्ने प्रथा त्याग्नु पर्दछ । बालिकाहरु अत्यधिक मात्रामा स्कूल जानबाट बन्चित रहनु र स्कूलबाट बाहिर निस्किनु (Dropout) जस्ता कुराहरु तत्काले हटाउनु पर्दछ ।

दोस्रो, श्री ५ को सरकारले जनतालाई  विकास कार्यमा सक्षम बनाउने र स्वाभिमानी र आत्म निर्भर बनाउन मद्दत गर्ने हो भने साक्षरता शिक्षा भन्नुस् या अनौपचारिक शिक्षा भन्नुस् या प्रौढ शिक्षा भन्नुस् त्यसको महत्व बुझ्नु पर्दछ । वास्तवमा यो शिक्षा बाल शिक्षा, प्राथमिक शिक्षा , माध्यमिक शिक्षा र उच्च शिक्षा भन्दा कुनै हदमा पनि कम महत्वपूर्ण छैन । तसर्थ श्री ५ को सरकारको शिक्षा बजेट र स्थानीय निकायहरुको बजेटको कम्तिमा पनि २० प्रतिशत यसमा खर्च गर्नु पर्दछ । जनशक्ति र जन सहयोग परिचालन गर्नु पर्दछ । यो कार्यमा एसियाका अरु अगुवा राष्ट्रहरुबाट हामीले धेरै सिक्न सक्दछौं । विदेशीहरुले सरकारी नीतिको अनुसरण गर्दछन् । जबसम्म सरकारले साक्षरता र अनौपचारिक शिक्षालाई प्राथमिकता दिदैन तबसम्म दातृ संस्थाहरु पनि यसलाई सहयोग गर्न अघि सर्दैनन् ।

तेस्रो, महिला र पिछडिएका बर्गहरु नै बढी निरक्षर छन् । उनीहरुले औपचारिक शिक्षाबाट पूरा फाइदा उठाउन सक्दैन । तसर्थ साक्षरता र अनौपचारिक शिक्षा द्वारा १० वर्ष देखि ४५ वर्ष सम्मका सम्पूर्ण बालिकाहरु र महिलाहरुलाई जीबनोपयोगी र सशक्तिकरण शिक्षा १० वर्ष अवधि भरि देशभरि फैलाउने योजना चाहिन्छ ।

*" साक्षरता अवलोकन समिति "* को मूल काम तथ्य कुरा बताउने र साक्षरताको उत्थानको लागि सरसल्लाह दिने हो । आशा छ सबै विकास प्रति संवेदनशील व्यक्तिहरु र शिक्षाका हिमायति व्यक्तिहरुले यस कार्यमा सहयोग गर्नेछन् ।

संपादक मण्डल
श्री ठाकुर मान शाक्य – प्रमुख संपादक
श्री दिल बहादुर श्रेष्ठ – संपादक
श्री श्याम लाल मल्ल – संपादक

## महिला शिक्षा असंख्य वाधाहरु र असीमित सम्भावनाहरु

According to the World Population Report 1996, " A mother's education is the single most important factor in keeping her family small and her children alive. Education is the first line of defense for women faced with the life-threatening situation that traditional life styles perpetuate. It encourages senses of control over personnel destiny. It opens the door to choice that is not bound by tradition. With an education, the women's status steps beyond the confines of mother hood. Further, the quality of life in the family of an educated woman becomes a priority." Sadik, Nafis. The State of World Population 1990, New York.

विश्व जनसख्या प्रतिवेदन सन् १९९० अनुसार आमाको शिक्षाले मात्र उनको परिवार सानो बनाउन र उनकी बालबालिकाहरु जिवित राख्न मदत गर्न सक्दछ । परम्परागत जीवन शैलीले महिलाहरुको स्वास्थ्य खतरामा पार्न सक्दछ । त्यसबाट बच्ने एउटा बलियो सुरक्षा शिक्षा हो । शिक्षाले महिलाहरुलाई आफ्नो बिकास गर्न सक्षम बनाउंछ । शिक्षाले नै महिलाहरुलाई खालि आमा मात्र हुने परिधिबाट बाहिर जान मदत गर्दछ । शिक्षित महिलाहरुले गुणात्मक परिवारको जीवनलाई उच्च प्राथमिकता दिन्छन् । साडिक नफिस – विश्व जनसंख्या स्थिति प्रतिवेदन सन् १९९०, न्यूयोर्क, यूनएफ पिए सन् १९९० ।

## महिला शिक्षिकाहरुको स्थिति

नेपालमा जम्मा १९ प्रतिशत मात्र महिला शिक्षिकाहरु छन् ।

## बालविवाह ठूलो समस्या

महिलाहरुको बिकासमा बाल बिवाह एउटा सबभन्दा खतरनाक समस्या हो ।

CWIN को पत्रिकामा उल्लेखित UNICEF को तथ्याङ्क बमोजिम नेपालमा संसारमा सबभन्दा बढी बालविवाह हुन्छ ।

### बिवाह हुने बर्ष

| | | |
|---|---|---|
| १० बर्ष मुनिका | ७.० | प्रतिशत |
| १५ बर्ष मुनिका | ४०.८ | प्रतिशत |
| १६ देखि माथिका | ५२.२ | प्रतिशत |

# बिकासको लागि महिला शिक्षाको भूमिका

बिभिन्न अध्ययनहरुवाट यो कुरा प्रमाणित भएको छ कि सिंगो देशको विकासमा महिला शिक्षाले ठूलो प्रभाव पार्छ ।

१. यदि तपाइले एउटा पुरुषलाई शिक्षित बनाउनु भयो भने उ एक्लै शिक्षित हुनेछ र यदि तपाइले एउटी महिलालाई शिक्षित बनाउनु भयो भने तपाइ पूरा परिवारलाई शिक्षित बनाउदै हुनुहुन्छ । यो भनाई आज पनि ध्रुव सत्य भएको छ ।

२. अशिक्षित आमाहरुले आफ्नो छोरीहरुलाई चाहिने शिक्षाको महत्व बुझेका हुँदैन । तर शिक्षित आमाले आफ्नो छोरा र छोरीमा कुनै भेदभाव नगरी उनीहरुलाई शिक्षित बनाउछ । त्यसैले जहां महिला शिक्षाको विकास भएको छ त्यहा बच्चाहरुको स्कूल भर्ना दर पनि बढी भएको छ ।

३. बिभिन्न अध्ययनले यो देखाएको छ कि महिला शिक्षा धेरै कुरासंग सम्बन्धित हुन्छन् । जस्तै :

३.१ महिला शिक्षा महिलाहरुको विवाह गर्ने उमेर, परिवारको स्वास्थ्य र पोषण, आयमूलक क्षेत्रमा महिलाको सहभागिता, घरभित्र र बाहिर महिलाहरुको उत्पादनमा वृद्धि र महिलाहरुको स्कूल भर्ना दरमा प्रत्यक्ष सम्बन्ध हुन्छ ।

३.२ महिला साक्षरता दर कम भएको देशहरुमा प्राथमिक स्कूलमा वालिका भर्ना दर कम, शिशु मृत्यु दर बढी, देशका व्यक्तिहरुको औसत आयु र वार्षिक आय पनि कम हुन्छ । (विश्वका वाल बालिकाहरुको अवस्था, १९८९, नायर , १९८९ , UNESCO Year Book)

४ १९९० मार्चमा थाइलैण्डको Jomtien मा भएको सबैको लागि शिक्षा, बिश्व सम्मेलनमा महिला शिक्षालाई एउटा प्रमुख बुदाको रुपमा उठाइएको थियो । किनकी " एउटी शिक्षित महिलाले परिवारलाई नै स्वस्थ राख्न मदत गर्छ । तिनको थोरै र शिक्षित बालबालिकाहरु हुन्छन् । तिनी घरमा र अन्य क्षेत्रमा बढी उत्पादनशील हुन्छिन् । वास्तवमा भन्ने हो भने हामीले महिलालाई शिक्षित बनाउन नसकेमा विकासको ठूलो मूल्यहरु उत्पादनशीलतामा वृद्धि , जीवनस्तर सुधार जस्ता मूल्य तथा अरु मूल्यहरु गुमाउनु पर्ने हुन्छ ।

५. समग्रमा भन्दा बालिका तथा महिलाहरुको शिक्षाले परिवार, समाज र देश तथा अन्य सम्पूर्ण क्षेत्रमा ठूलो प्रभाव पार्दछ । साक्षरता नै शैक्षिक जगतको पहिलो खुड्किलो हो । त्यसैले बालिका तथा महिलाहरुको लागि चलाइने साक्षरता शिक्षाको गुणस्तरियता कायम गर्न पनि पछि पर्नु हुँदैन । योग्य प्रशिक्षक र प्रभावकारी तालिम कार्यक्रम र सामग्री उपलब्ध गराउनु पर्दछ । उचित पाठ्यक्रम र प्रभावकारी सामग्री साथ साथै आवश्यक सहयोगी सामग्रीहरुको व्यवस्थाले साक्षरता कार्यक्रम सफल पार्न मदत गर्छ । साक्षरता शिक्षामा लागेका सबै व्यक्तिहरु जस्तै प्रशासनिक देखि प्रशिक्षक सम्म सबैजना लैगिक सवाल र महिला सहभागीहरुको आवश्यकता प्रति सजग रहनुपर्छ ।

६. सबैजसो विकासोन्मुख देशहरुमा ८० प्रतिशत भन्दा बढी महिलाहरु खेतीसंग सम्बन्धित हुन्छन् । त्यसैले महिला शिक्षित भएमा खेती उत्पादनमा राम्रो प्रतिफल निस्कन्छ ।

७. घरेलु उत्पादनले विकासोन्मुख राष्ट्रहरुको ५० प्रतिशत आय श्रोत जुटाइरहेको हुन्छ । महिला नै यस्ता घरेलु उत्पादनका प्रमुख कामदार भएको हुनाले यदि महिला शिक्षामा वृद्धि भएमा घरेलु उद्योगको उत्पादनको गुणस्तरियता, बजार व्यवस्था र उत्पादनमा परिमाण वृद्धि हुन्छ ।

८. साक्षरता महिलाहरुको हक अधिकारको लागि लड्न ठूलो हतियार हो किनकी यसले महिलालाई आत्म बिश्वासी र आत्म सम्मान प्रदान गर्छ ।

९. साक्षर महिला प्रजातान्त्रिक व्यवस्थामा भाग लिई चुनावमा राम्रो व्यक्ति छान्न सक्ने हुन्छिन् । तिनीहरु राजनैतिक पदमा उम्मेदवार पनि बन्न सक्षम हुन्छन् ।

## हाम्रो देशमा महिला साक्षरताको लाज लाग्दो स्थिति

उपरोक्त कुराबाट महिला शिक्षाको अपरिहार्य महत्व दर्साएको छ । तर हाम्रो देश नेपालमा महिला शिक्षाको स्थिति ज्यादै दयनिय छ । नेपालमा महिला शिक्षाको स्थिति निम्न तथ्याङ्कले दर्साउछ ।

### महिला शिक्षा र साक्षरताको स्थिति

| बर्ष | निरक्षर संख्या प्रतिशतमा |
|---|---|
| सन् १९९१ | पुरुष – ५१.०० (तथ्याङ्क विभागको रिपोर्ट १९९४ र विश्व शिक्षाको रिपोर्ट अनुसार) |
| | महिला – ८२.०० महिला र पुरुषको साक्षरता प्रतिशतमा अन्तर ३१.०% , पुरुष भन्दा महिला बढी निरक्षर |
| | कुल – ६७.३७ |
| सन् १९९६ | पुरुष – ४०.०० |
| | महिला – ७५.८२ महिला र पुरुषको साक्षरता प्रतिशतमा अन्तर ३५.८२ % , पुरुष भन्दा महिला बढी निराक्षर |
| | कुल – ५८.२४ |

*प्राथमिक स्कूलमा भर्ना दर (प्रतिशतमा)*

*सन् १९९५*

| | | |
|---|---|---|
| जम्मा भर्ना दर | लडका | १३२.७ % |
| (जुनसुकै बर्षको भएपनि) | लडकी | ९४.२ % |
| | कुल | ११४ % |

*लडका र लडकीको भर्ना दरमा अन्तर खुद भर्ना दर ३८.५ %*

| | | |
|---|---|---|
| (बर्ष ५ देखि १० सम्मको मात्र) | लडका | ७६.५ % |
| | लडकी | ५३.५ % |
| | कुल | ६७.५ % |

*लडका र लडकीको भर्ना दरमा अन्तर खुद भर्ना दर २३%*

क्षेत्रगत लडकीको भर्ना दर (प्रतिशतमा)


| | |
|---|---|
| दुर्गम पहाडी क्षेत्र | ६.१ % |
| पहाडी क्षेत्र | ५८.५ % |
| तराई क्षेत्र | ३४.६ % |

# दक्षिण एसियामा महिला पुरुषमा भेद कहालिदो छ ।

**Human Development Report in South Asia 1997** ले महिला र पुरुषका निम्न बमोजिम भेद देखाएका छन् ।

**Gender Disparities**

| | | | Female / Male |
|---|---|---|---|
| Life expectancy | 1993 | 98 | 53/ 54 |
| Adult Literacy | 1993 | 33 | 13/ 39 |
| Year of schooling | 1992 | 31 | 1.0 / 3.2 |
| Primary Enrolment | 1992 | 66 | 85/ 129 |
| Combined enrolment | 1993 | 61 | 43/ 71 |
| Labour force | 1993 | 67 | 40/ 60 |
| Earned income share | 1992 | 47 | 32/ 68 |
| Economic activity rate | 1993 | 48 | 42 / 88 |
| Admin. and managers | 1992 | 9 | 8 / 92 |
| Share in Parliament | 1994 | 3 | 3 / 97 |




Source: Mahbub ul Haq; Human Development in South Asia; Oxford University Press, NewYork

## दक्षिण एसियाका बिभिन्न देशहरुको बिकास सूचकहरु

दक्षिण एसियाका मुलुकहरुमा साक्षरता, प्राथमिक शिक्षा र अरु बिकास सूचकहरु उत्साहवर्धक छैन । साक्षरता र अरु विकास सूचकहरु वास्तवमा संगसगै जान्छ ।

**South Asia**

| Regions and countries | Primary school age-group | Net enrolment ratio (%) (LYA) | | Percent repeaters (primary) (LYA) | Literacy rate (15+ years) (%) 1995 | | Adult illiterates (in '000) 1995 | | Expend. per primary pupil as % of GNP per capita (LYA) | Number of children per woman 1995 | Infant mortality rate (‰) 1995 | Life expectancy at birth 1995 | | GNP per capita (US $) (LYA) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | 1 | 2 | | 3 | 4 | | 5 | | 6 | 7 | 8 | 9 | | 10 |
| | | M | F | (M + F) | M | F | M | F | | | | M | F | |
| Afghanistan | 7 - 12 | 42 | 14 | 6 | 47 | 15 | 3.229 | 4.940 | | 6.4 | 152 | 45.0 | 46.0 | |
| Bangladesh | 6 - 10 | 74 | 66 | 7 | 49 | 26 | 19.057 | 26.025 | 0.06 | 4.4 | 96 | 55.0 | 55.0 | 220 |
| Bhutan | 6 - 11 | 23 | 16 | 19 | 56 | 28 | 211 | 347 | | 5.5 | 111 | 51.0 | 52.0 | 180 |
| India | 6 - 11 | 92 | 68 | 4 | 65 | 38 | 108.017 | 182.688 | 0.11 | 3.5 | 77 | 62.0 | 63.0 | 310 |
| Iran | 6 - 10 | 100 | 93 | 7 | 78 | 59 | 4.291 | 7.636 | 0.07 | 5.4 | 34 | 68.0 | 70.0 | 2.200 |
| Maldives | | | | | 93 | 93 | 5 | 5 | | 5.6 | 44 | 67.0 | 65.0 | 500 |
| Nepal | 6 - 11 | 80 | 44 | 27 | 41 | 14 | 3.762 | 5.387 | | 5.0 | 89 | 57.0 | 56.0 | 170 |
| Pakistan | 6 - 11 | 37 | 21 | | 50 | 24 | 20.433 | 28.260 | 0.13 | 5.6 | 88 | 61.0 | 52.0 | 420 |
| Sri Lanka | 6 - 11 | 100 | 100 | 7 | 93 | 87 | 413 | 828 | 0.06 | 2.3 | 21 | 71.0 | 75.0 | 540 |
| Turkey | 6 - 10 | | | 7 | 92 | 72 | 1.736 | 5.495 | | 3.1 | 47 | 66.0 | 72.0 | 1.980 |
| SOUTH ASIA | – | 69 | 53 | 11 | 67 | 46 | 161.153 | 261.610 | 0.09 | 4.7 | 76 | 60.3 | 61.6 | 420 |

Source: Educating People; Improving chances and expanding choices, UNESCO, Paris 1995.

# महिला तथा बालिकाहरु साक्षरताबाट के चाहन्छन् ?

एसिया , अफ्रिका र दक्षिण अमेरिकाका विभिन्न देशहरुमा साक्षरता कक्षामा सम्मिलित बालिका तथा महिलाहरुसंग बसी गरिएको सर्वेक्षणमा धेरै जसो साक्षरता कक्षामा सम्मिलित बालिका तथा महिलाहरुले साक्षरता कक्षाबाट निम्न अनुसारको आशा र ईच्छा व्यक्त गरेको पाइयो ।

१) आफ्ना शिशुहरुलाई उनीहरुको पढाईमा सघाउने चाहाना
२) आत्मविश्वासको वृद्वि तथा आफ्नो व्यक्तिगत जीवनमाथि नियन्त्रण
३) एक्लोपन तथा हिनताबोधबाट मुक्ति
४) समाजमा पुरुष सरह अघि बढ्ने चाहाना

अर्को एउटा सर्वेक्षणबाट बालिकाहरुले अझ बढी कुराहरु सिक्न चाहेको पनि पाइयो । जस्तै :

- अधिकार र कर्तव्यबारे ज्ञान
- साना व्यापारको शुरुवात गर्ने क्षमतामा वृद्वि
- कामदारहरुको अधिकार र कर्तव्य बुझ्ने
- व्यक्तिगत सरसफाई , स्वास्थ्य र पोषण बारे ज्ञान
- यौन तथा विवाह सम्वन्धि ज्ञान हासिल गर्ने
- आफ्नो व्यक्तिगत विकासको लागी पढाई, लेखाई तथा साधारण गणितको शीप हासिल गर्ने
- कानून बुझ्ने
- यूवाहरुको लागी तालिम र सरसल्लाह दिने संस्थाहरुबारे जानकारी

**निरक्षर महिलाहरुको मनोवैज्ञानिक घटना अध्ययन**

बालिका तथा महिलाहरुका लागी साक्षरता सामग्री तयार पार्दा यो कुरा जान्न र बुझ्न जरुरी छ कि तिनीहरु किन र कसरी यि कुराहरु सोच्छन् ।

घटना १ : एउटी ३० वर्षीय महिला आफ्नो निरक्षरता कसै सामू पनि व्यक्त गर्न चाहदैन थिइन् । जब उनी एक्लै गाडीमा सफर गरिरहेकी थिइन् र आफू ओर्लने ठाउको नाम भन्दा तिनले सुनिनन् । तिनलाई अर्को स्टेशनको नाम सोध्न लाज लाग्यो किनकी त्यहां तिनीको निरक्षरता प्रकट हुने भयो । (फिलिपिन्स)

घटना २ : यदि ३० वर्षकी महिलाकी प्राथमिक स्कूलमा अध्ययनरत २ बालकहरु थिए । तिनी आफै पनि साक्षरता कक्षामा अध्ययनरत थिइन् । तर तिनी आफ्नो शैक्षिक सामाग्रीहरु घर लान चाहदैन किनकी त्यस्तो गर्दा तिनको निरक्षरता आफ्नै बालबालिका सामू प्रकट हुन सक्थ्यो र त्यसबाट तिनको बालकहरुमा नैराश्यता उत्पन्न हुन सक्थ्यो । (इन्डोनेसिया)

घटना ३ : एउटी महिला आफ्नो ५० वर्षको उमेरमा साक्षरता कक्षामा सम्मिलित भईन् । किनकी तिनकी छोरीको विवाह हुनगईरहेकी थियो र तिनलाई डर थियो कि तिनको निरक्षरताको कारण ज्वाइ हुने केटालाई लाज उत्पन्न हुन सक्थ्यो र विवाह पनि रद्द हुन सक्थ्यो । (कोरिया)

घटना ४ : क गाउंका धेरै महिलाहरु आफ्नो गाउका मानिसबाट आफूहरु साक्षरता कक्षामा अध्ययनरत रहेको कुरा लुकाउन ख गाउमा गएर पढ्न जान्थे । (जापान)

## Difference between Women in Development (WID) and Gender & Development (GAD)

### (महिला बिकास र लैंगिक बिकासमा भिन्नता)

धेरै प्रयासका बावजुद पनि विश्वका धेरै जसो बिकासोन्मुख राष्ट्रहरुमा बालिका र महिलाहरुको अवस्थामा सुधार आउन सकेको छैन । हामी अहिले पनि महिला र पुरुष अन्तर देखिरहेका छौं । महिला बिकासको लागि एकिकृत प्रयासको जरुरत महसूस गरि महिला बिकासको नया धारणाहरु बिकास हुन थालेको छ । जसलाई अंग्रेजीमा Gender and Development भन्दछन् । महिला बिकास र लैंगिक विकासमा फरक तल देखाइएको छ ।

## Comparative Issue Addressed by WID and GAD

महिला बिकास र लैगिंक बिकासले किटान गरेका तुलनात्मक सवालहरु :

| | महिला बिकास ( WID) | लैगिक बिकास (GAD) |
|---|---|---|
| **1. Approach** | • महिलालाई समस्याको रुपमा दर्शाउछ । | • विकासको लागि पूर्वाधार |
| **2. Focus** | • महिला | • पुरुष र महिला बीचको सम्बन्ध |
| **3. Problem** | • विकास प्रक्रियामा महिला ( आधी जनशक्ति ) लाई रोक | शक्तिको असमान समन्वय (धनी । गरिव , पुरुष । महिला ) जसले समान विकास र महिलाहरुको पूर्ण सहभागितामा बाधा पु–याउछ । |
| **4. Goal** | • छिटो छरितो र प्रभावकारी विकास | • निष्पक्ष तथा दिगो बिकास जसमा महिला र पुरुपलाई निर्णायक शक्तिका रुपमा लिन्छन् । |
| **5. Solution** | • विकास कार्यमा महिलाहरुलाई समाहित गर्नु । | • पिछिडिएका महिलाहरुलाई हक अधिकार दिलाउनु ।<br>• असमान सम्वन्ध हटाउनु । |
| **6. Strategies** | • महिलाहरुको लागि आयोजना<br>• महिला विकासका तत्वहरु<br>• एकिकृत विकास<br>• महिलाहरुको उत्पादन क्षमता बढाउनु<br>• आय वढाउनु<br>• घरधन्दा हेर्न क्षमतामा वृद्धि गर्नु । | • महिलाहरुको चाहना अनुसारको योजना निर्धारण गर्नु ।<br>• गरीवहरुको मूलभूत आवश्यकताको पूर्ति गर्न जनमुखी प्रायोजना लागू गर्नु । |

# महिलाहरु शिक्षामा पछि परेका कारणहरु र केही समाधानका उपायहरु

## महिलाहरु बिभिन्न सामाजिक ,आर्थिक र अन्य बाधाहरुको कारण सिक्न गाह्रो महसुस गर्दछन्

आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणले गर्दा समुदायका महिला तथा पिछडिएका समूहहरुको पढ्ने लेख्ने कुरामा निम्न सीमाहरु देखापरेका छन् ।

- उनीहरुले घर परिवार र समुदायका लागि धेरै कामहरु गर्नु पर्ने हुन्छ । त्यसैले उनीहरुलाई फुर्सतको कमी हुन्छ । त्यसो भएको हुनाले उनीहरुका लागि संचालन हुने शैक्षिक कार्यकम विद्यालयको जस्तो धेरै समय लाग्ने र नियमित हाजिर हुनु पर्ने खालको हुनु हुन्न । उनीहरुलाई परम्परागत किसिमको शैक्षिक कार्यकम सुहांउदो हुँदैन । उनीहरुका लागि दूर शिक्षा , आत्म निर्देशित अध्ययन, सम्पर्क सिकाइ र आवधिक (उपयुक्त समयमा सिक्न सकिने) किसिमको समूह/बैठक जस्ता शिक्षण सिकाई कार्यकम उपयुक्त हुन्छ ।
- विशेष गरी महिलाहरुलाई रातको समयमा घर छाडेर टाढाको कक्षामा जान निकै कठिनाई हुन्छ । किनभने धेरै जसो समाजमा महिलाहरुको गहना लुट्ने, इज्जत लुट्ने, जस्ता कार्य भइराखेको हुन्छ । त्यसो भएको हुनाले महिलाहरुको लागि संचालन हुने कार्यकम उनीहरुलाई पायक पर्ने ठाउमा हुनु पर्छ ।
- पिछडिएको वर्गलाई भने रोजीरोटीको समस्याले नै पिरोली रहेको हुन्छ । त्यसैले उनीहरु बढी समय दिन सक्दैनन् ।
- सानो बच्चाकी आमालाई आफ्नो बच्चाको स्याहारमा बढी लाग्नु पर्ने हुनाले उनीहरु कक्षामा जान सक्दैनन् ।
- प्राय महिलाहरु अविवाहित भए बाबु आमासंग र विवाहित भएमा आफ्नो लोग्नेसंग स्वीकृति लिएर मात्र कक्षामा भर्ना हुन पाउछन् । त्यसो हुदा शैक्षिक कार्यकमले सहभागीलाई मात्र आर्कषित गरेर पुग्दैन । ती महिलाहरुको अभिभावकलाई पनि आकर्षण गर्न प्रेरणा दिन सक्नु पर्छ । अन्यथा बीचैमा कक्षा छाड्ने स्थिति आउन सक्छ ।

## महिलाहरुमा सिक्ने प्रसस्त  क्षमता हुन्छ

महिला तथा पिछडिएका समूहहरुमा आत्मविश्वासको कमी हुने, उनीहरुमा उत्प्रेरणाको कमी हुने, त्यसै गरी आफ्नो मनमा लागेको कुरा निर्धक्क भई भन्न नसक्ने, लजाउने, हेर्दा निष्क्रिय देखिने कारणले गर्दा उनीहरुमा सिक्ने क्षमता नै छैन कि भनेर अनुमान गर्छन् । तर त्यसो होइन महिला तथा पिछिडिएको वर्गमा पनि उपयुक्त  अवसर पाएमा  सिक्ने क्षमता अधिक मात्रामा हुन्छ । उनीहरु महिला भएर पनि कतिपय कुराहरु पुरुषभन्दा राम्ररी सिक्न सक्छन् । त्यसरी नै गरीब र तल्लो जातिका भएपनि धनी र तथाकथित माथिल्लो जातिभन्दा राम्ररी सिक्छन् । यसका लागि उनीहरुको आवश्यकता अनुसारका शिक्षण हुनुपर्छ र प्राप्त उपलब्धिलाई प्रशंसा गर्नु पर्छ ।

माथि उल्लेख भएका विशेषता, सीमा र क्षमतालाई विचार गर्दा महिला तथा पिछडिएका वर्गका लागि साक्षरता कार्यकमको योजना गर्दा निम्न सिद्धान्तहरुको अनुसरण गर्नु पर्छ ।

क. साक्षरता कक्षामा प्रयोग गरिने पाठ्यकम, पाठ्यपुस्तक र शैक्षिक सामग्री महिला तथा अल्पसंख्यक समूहको आवश्यकता, समस्या, रुची र दैनिक जीवनसंग प्रत्यक्ष रुपमा मेल खाने हुनु पर्छ ।

ख. उनीहरुले हासिल गर्ने साक्षरता एवं कार्यमूलक सीप उनीहरुको जीवनसंग सान्दर्भिक र दैनिक व्यवहारमा तत्कालै प्रयोगमा आउने खालको हुनु पर्छ ।

ग. कार्यकममा प्रत्यक्ष रुपमा संलग्न हुने कार्यकर्ताहरु (शिक्षक, निरीक्षक तथा प्रशिक्षकले) महिला तथा पिछडिएका वर्गको कमी कमजोरी तथा सम्वेदनशीलतालाई बुझेर सोही अनुसार सिक्ने सिकाउने वातावरण बनाउन सक्ने हुनुपर्छ । महिलाहरुको लागि भने सकेसम्म महिला शिक्षकको व्यबस्था हुनु उपयुक्त हुन्छ ।


घ. साक्षरता कार्यकमको योजना गर्दा महिला तथा पिछडिएका समुदायका लागि समेट्न र सघाउ पुग्ने खालको सुविधा प्रदान गर्ने कुरामा बिचार गर्नु पर्छ ।

ङ. सुरुदेखि नै कक्षाको वातावरण सौहार्दपूर्ण, मित्रवत, दवाव नदिने खालको हुनुपर्छ र अन्त्यसम्म पनि यस्तै वातावरण कायम राख्न सक्नु पर्छ । जसले गर्दा उनीहरुको आत्मविश्वासको वृद्धि भई सकिय भएर भाग लिन सक्छन् ।

च. सहभागी केन्द्रित तथा रोचक शिक्षण सिकाईको व्यवस्था मिलाउनु पर्छ ।

## साक्षरता र अनौपचारिक शिक्षाको लागि सरकारी खर्च र बिदेशी सहायताको एक झलक

UNDP बाट प्रकाशित Human Development Report 1997 ले निरक्षरता र गरीबीलाई यसरी सम्बन्धित देखाएका छन् ।




अहिले श्री ५ को सरकारले आठौं पन्चवर्षिय योजना र नवौं पन्चवर्षिय योजनाको मूल लक्ष्य गरिबी निवारण भनि जोड दिई आएको छ । गरीबी निवारणको नारा राजनैतिक पार्टी नेपाली कांग्रेस, कम्यूनिष्ट र राष्ट्रिय प्रजान्तत्र पार्टी सबैले दिएका छन् ।

तर गरीबी निवारणको एउटा मूल तत्व साक्षरता विकासको लागि श्री ५ को सरकारले राष्ट्रिय बजेट बमोजिम खर्च गरेको छ ।

## श्री ५ को सरकारको शिक्षा वजेट १९९५।१९९६ को वाडफाड

| साल | बजेट | प्रतिशत (%) |
| --- | --- | --- |
| उच्च शिक्षा | १,२३,५०,९८,००० | २२.१६ |
| प्राथमिक शिक्षा | २,७७,५१,५५,००० | ४९.७१ |
| माध्यमिक शिक्षा | ८२,३८,२३,००० | १५.०८ |
| अनौपचारिक शिक्षा | ३,५८,३४,००० | ०.६४ |

Source : Education Statistics of Nepal : At a glance 1990 -1994, Ministry of Education, Nepal.

हाल नेपालमा करीव ७० लाख १५ बर्ष माथिका व्यक्तिहरु निरक्षर छन् । उनीहरुले नै कृषि र अन्य उत्पादन क्षेत्रमा काम गर्दछन् । उनीहरुलाई साक्षर र सजग नगरी जनसंख्या नियन्त्रण, वाल र मातृ मृत्युदर घटाउने, पोषण वढाउने वातावरण ह्रास रोक्न कामहरु असम्भव हुन्छ ।संक्षेपमा गरीवी निवारण हुदैन ।

तसर्थ साक्षरता शिक्षालाई ध्यान नदिई अरु तहको शिक्षामा मात्र ध्यान दिनु विरुवाको पातमा पानी दिनु तर जडमा पानी नदिनु जस्तै हो । यस्तो कामले विरुवा सप्रदैन । त्यस्तै नेपालमा नत गरीबी हट्छ नत विकास हुन्छ । साक्षरता शिक्षालाई श्री ५ को सरकारले फुडकेलो छोरालाई भन्दा पनि पक्षपातपूर्ण व्यवहार गरेको छ ।

हुनत साक्षरतामा श्री ५ को सरकारको न्यूनतम लगानी पनि सदुपयोग हुदैन व्यापक चुहावत छ, भ्रष्टाचार छ र अनियमितता छ त्यो कुरा पनि सत्य हो । तर त्यसको जिम्मेवार पनि श्री ५ को सरकार नै हो ।

यो भयो श्री ५ को सरकारको नीतिको कुरा, विदेशी दातृ संस्थाहरु पनि उनीहरुको मुख्य जोड गरीबी निवारण नै भन्दछन् । विश्व वैंक, एसियाली वैक र यू.एन.डि.पी आदिले यसको आफ्नै ठेक्का जस्तै कुरा गर्दछन् । तर उनीहरुको काम कुरा सग मेल खादैन । विश्व वैक, एसियाली वैक र यू.एन.डि.पीले साक्षरता कार्यक्रम र अनौपचारिक शिक्षाको लागि एक पैसा पनि सहायता गरिरहेका छैन । नेपालका अरु दातृ मुलुकहरु जस्तै जापान, डेनमार्क, नर्वे, स्वीडेन, जर्मन, नेडरलैण्ड, आदिले साक्षरतालाई कुनै सहायता गरेको छैन र उनीहरु साक्षरतालाई अछुट जस्तो व्यवहार गर्छन् ।


यूनिसेफले केही सहायता गरिरहेको थियो । तर अहिले साहै कम सहायता गर्दछ । यू.एस एडले अमेरिकामा दर्ता भएका गैरसरकारी संस्थाहरु मार्फत केही साक्षरता कार्यक्रम गरिरहेका छन् । यसरी गरीवको लागि नभैनहुने साक्षरता कार्यक्रममा सबैको वेवास्ता हुनु दुःख पूर्ण कुरा हो । अफ गरिवी निवारणको नारा दिने तर गरीबलाई शिक्षा दिई सक्षम बनाउन नचाहने प्रवृति बुझ्न पनि गाह्रो छ।


## World Terakoya Movement (WTM) सक्षिप्त परिचय

टेराकोया Terakoya भन्ने एउटा जापानी शब्द हो जस्को मतलव बौद्ध मन्दिरमा चलाइएको शिक्षण केन्द्र अथवा स्कूल हो । यही टेराकोयाको माध्यमबाट जापानमा सबैले शिक्षा पाउने अवसर पाएकोले यू.एन.ले अन्तरराष्ट्रिय साक्षरता वर्ष सन् १९९० घोषणा गरे पछि जापानका यूनेस्कोको राष्ट्रिय महासंघ ( National Federation of UNESCO Association), NFUAJ ले यो विश्व टेराकोया अभियान ( World Terakoya Movement ) चलाएका हुन् । यस अभियान अन्तरगत जापानको २७० वटा यूनेस्को संगठनहरु जस्को सदस्य संख्या करीव २०,००० छन् । उनीहरु र जापानका श्रम संगठन, विद्यालयहरु, कम्पनिहरु, रोटरी क्लब आदि सबैले यस अभियानमा सहायता गर्दछन् ।

सन् १९८९ देखि यस अभियान अन्तरगत ४२ विकासशील देशहरुको जम्मा ११५ वटा स्थानिय गैर सरकारी संस्थाहरुलाई साक्षरता शिक्षा प्रसार गर्न सहायता उपलब्ध गराइसकेको छ ।

### Structure & Procedure of WTM



<u>नेपालमा यस अभियानका सहभागी संस्थाहरु निम्न बमोजिम छन् ।</u>

१. अनौपचारीक शिक्षा राष्ट्रिय श्रोत केन्द्र (National Resource Centre for Non Formal Education)
२. Institute for Integrated Development Studies (IIDS)
३. Agro Forestry, Basic Health and Cooperative, Nepal. (ABC- Nepal)
४. नेपाल महिला संघ ( Nepal Womens Association)
५. एन.जि.ओ. फोरम, नेपाल (NGO Forum )
६. तुलसी मेहेर यूनेस्को क्लव ( Tulsi Meher UNESCO Club, Nepal )

सन् १९९५ मा UNESCO , WFUCA / NFUAJ को संयुक्त आयोजनामा " World Conference of NGOs Mid Term Review of International Literacy Decade " टोकियोमा भएको थियो । उक्त सम्मेलनले प्रत्येक देशमा एउटा National Terakoya Comittee खडा गर्न सिफारिस गरेका थिए । सो बमोजिम नेपालमा उक्त कमिटि खडा भै उनीहरुले नेपालमा साक्षरताको विकासको लागि काम गरिरहेका छन् । सोही विश्व सम्मेलनले प्रत्येक विकासशील देशमा साक्षरता अवलोकन समिति (Literacy Watch Committee) खडा गर्ने सिफारिस गरेको थियो । नेपालमा Literacy Watch Committee २०५२ सालमा स्थापना भयो । यो पत्रिका त्यसैबाट प्रकाशित भएको छ ।



# साक्षरता तालिम पुस्तिकाको परिचय
## (Guidebook for Literacy Personal based on ALTP)

UNESCO Regional Office for Asia and the Pacific UNESCO/PROP Bangkok ले साक्षरता शिक्षाको गुणात्मक स्तर माथि उठाउन "APPEAL Training Materials for Literacy Personal " (ATLP) नामक पुस्तिकाहरुका एउटा संकलन सन् १९८९ मा प्रकाशित गरेको थियो ।

उक्त साक्षरता निर्देशिकाहरु एशियाको आवश्यकता र अनुभवको आधारमा एशियाकै विशेषज्ञहरुले तयार गरेको सामग्रीहरु भएकोले एशियाको लागि यो ज्यादै महत्वपूर्ण भएको छ । सो ATLP सामाग्रीहरु बंगलादेश, चीन, भारत, इन्डोनोसिया, मलेसिया, लावोस, भियतनाम, थाईलैण्ड आदिले अनुकुलन र अनुसरण गरिसकेका छन् । अरु देशहरुले पनि यसको अनुवाद र अनुसरण गर्ने काम जारि नै छ । नेपालमा सबैको लागि शिक्षा केन्द्र, Center for Education For All (CEFA) र अनौपचारिक शिक्षाका राष्ट्रिय श्रोत केन्द्र, National Resource Centre for Non Formal Education (NRC-NFE) ले संयुक्त रुपमा ATLP को आधारमा साक्षरता कार्यकता तालिम पुस्तिका प्रकाशित गरेको छ । उक्त पुस्तिकाको प्रयोग बिधि बारे २०५४ कात्तिक ३ गते देखि १२ गते सम्म नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, पाटनमा राष्ट्रिय तालिम संचालन ग–यो । त्यस्तै तालिम NGO Forum र नेपाल सामुदायिक बिकास केन्द्रको सहयोगमा झापामा मार्ग १५ देखि २० सम्म र IIDS को सहयोगमा तौलिहवामा २०५४ पौष १ गते देखि ६ गते सम्म तालिम संचालन भयो ।

उक्त तालिमहरुमा साक्षरता शिक्षकहरु, सुपरभाइजरहरु र गैर सरकारी संस्थाका कार्यकर्ताले भाग लिएका थिए । काठमाडौं, झापा र तौलिहवामा गरी जम्मा ८० जनालाई तालिम उपलब्ध गराइएको छ ।

<u>महिला मुस्कुराउछिन् भाग १, २ र ३ प्रकाशित</u>

महिलाहरूको लागि महिला सशक्तिकरण , लैगिक समानता, स्वावलम्वन र महिलाहरुलाई आत्म निर्भर बन्न र उत्पादनशील वन्न सहयोग पु–याउने बिषयवस्तु समावेश गरेर सहभागीहरुको लागि महिला मुस्कुराउछिन् नामक तिनवटा पुस्तिकाहरु भाग १,२ र ३ प्रकाशित गरिएको छ । प्रत्येक भागको ११ वटा ठूलो चित्र पनि प्रकाशित गरिएको छ । हालै राष्ट्रिय अनौपचारिक शिक्षा परिषदले प्रकाशित गरेको साक्षरताको राष्ट्रिय पाठ्यक्रमको तह १,२ र ३ अनुरुप नमूनाको लागि निम्न सामग्रीहरु पनि यी केन्द्र NRC-NFE / CEFA बाट प्रकाशित गरिएको छ ।

१. सहभागीहरुको लागि कार्य पुस्तिका
२. सहयोगी कार्यकर्ता निर्देशिका
३. सहयोगी कार्यकर्ता निर्देशिका (दोस्रो सेट)
४. उत्पादन बढाऔं, आम्दानी गरौं ।

# Teacher Education in the Changing Society

*T.M. Shakya*

## Nepalese Teachers Education

Teacher Education is one of the most important sub systems of the overall education system. This fact was recognized by all the Education Reform Committees in Nepal, such as the National Education Planning Commission Constituted in 1955, All Round National Education Committee of 1965, National Education System Plan (NESP) implemented in 1972 and recently by the National Education Commission of 1992. But strangely Teacher Education has been relegated to awkward position by default.

NESP was implemented all over the country by 1976, this regulation of compulsory teachers training for all the teachers was enforced all over the country. But that has been changed in 1980s. The Institute of Education has been abolished. Instead teacher education has become as a Faculty of Education under the Tribhuvan University. At that time the then government issued order that pre-service teacher training was no longer compulsory to be appointed as teachers. As a result of this shortsighted policy and other similar factors pushed the education system of Nepal into shamble.

Almost after fifty years of modern education development in Nepal only 67% per cent of the primary school aged children got enrolled. Among them boys constitute 76.5% p.c and girls 53.5 %) p.c. It is estimated that only one third of the lower secondary and secondary school aged child is enrolled in respective grades. In primary schools out of 100 children who enrolled in the first grade only 28 children pass the fifth grade. This shows that wastage in primary schools is very high. The 1992 Education Commission observed that " the number of students who fail to make grade is much higher and some students take 12 years to complete a course which requires just five years on average. Classes, which should run for 180 day, remain open only for not even 100 days. The overall knowledge of a student of class 5 is that of class 3."

The Teacher Education sub system of Nepal is very confusing to say the least. At present the Faculty of Education of the Tribhuban University, nine Primary Teachers Training Centers of the National Center for Education Development (NCED), private teacher training campuses and higher secondary schools offer teacher training courses to primary, lower secondary and secondary school teachers. Basic and Primary Education Project (BPEP) provides short duration training directly and through the Resource Centers where the project is in implementation. In spite of that the fact remains that more than 60% p.c of the teachers are untrained. The short duration training both pre service and in service conducted by the projects PEP, BPEP and NCED) are not effective due to their lack of follow up. The Basic and Primary Education Master Plan 1997-2002 admitted that " the Ministry of Education does not have a comprehensive training policy to guide both long-term and short term staff development activities. Training of personnel is rather an isolated event, it is not considered as a long-term strategy for organization development. The MOE does not even provide job entry training to its newly recruited supervisors."

This is rather dangerous and devastating trend. We cannot imagine entrusting our life to untrained surgeon. We even cannot allow untrained lawyer to plead for our court case. But our Nation is entrusting the brain and mind of future generation of our nation to untrained individuals. There cannot be more dangerous policy than this.

As mentioned above whether we like or not Nepal will be facing more and more difficult challenges in 21st century. Therefore, we must take education seriously. I would like to suggest some steps to improve teacher education in Nepal.

1. Teacher Education Policy, Program and Administration must be coordinated and unified. At present various organizations including the University, Ministry of Education and various foreign added and loan fed projects are pulling teacher training program towards various directions. In order to provide unified policy, plan and program, there should be a autonomous National Council of Teacher Education represented by all state holders.
2. Teacher Education must be reformed keeping in view changes taking place at present and in 21 century and role of teachers in shaping the future generation of Nepal.
3. Pre-service and In-service teacher education program must be seen as continuum not as separate activities.
4. Teacher recruitment, salary, social status of the teachers can not be separated from teacher preparation program. Thus the National Council of Teacher Education should be entrusted both tasks. (a) Teacher Education and (b) Teachers recruitment, promotion, remuneration and other facilities.
5. Teacher certification program should be introduced to attract competent people into teaching especially with reference to vocational subjects and practical courses.
6. Teacher Education should be professionally of very high level at the same time both fields oriented and practical.
7. There must be special training program for head master/mistresses and supervisors.
8. New information technologies must be used in teacher education and teachers must be trained to use technological resources.
9. Special attention should be given on such matters like ethnicity, gender, difficult contexts, backward classes etc in the field of teacher training.

It is therefore essential that we recruit the most capable and appropriate people into the teaching profession, provide them with a high quality, pre-service program of teacher education, and then ensure they have opportunities to upgrade their knowledge and skill over the full length of their professional career. There has also been major redefinition of the role of teachers. To attract and then keep the most able people in the teaching service requires us to pay attention to such matters as finding ways to increases the status of teachers, and to providing reward structures, and career and promotion pathways, which reflect the important role teachers play in an effective education system.

The government is responsible to reform and restructure education in the face the challenges of 21st century. But the management of education change and reform could not be successful without the involvement and commitment of teachers. Therefore, it is essential that the government work in partnership with teachers for any education reform.

***If we accept that the quality of any education system ultimately depends upon the quality of teachers, and that "no country can rise above the level of their teachers", then the matter of teacher development is one which deserves our urgent, careful and continued attention.***

## साक्षरता अवलोकन समितिका सदस्यहरु

| | | |
|---|---|---|
| श्री ठाकुर मान शाक्य | NRC-NFE | अध्यक्ष |
| सुश्री इन्दिरा कोइराला | IIDS | सचिव |
| श्री डा. शम्भु प्रसाद ढुंगाना | NGO Forum | सदस्य |
| श्री चिज कुमार श्रेष्ठ | World Education | " |
| श्रीमती डा. सुमन कमल तुलाधर | CERID | " |
| श्रीमती कान्ता सिंह | All Nepal Women's Association | " |
| श्रीमती प्रेमा रेग्मी | ABC/Nepal | " |
| श्री प्रकाश सिंह अधिकारी | IFCD | " |
| श्री रोहित प्रधान | TMUC | " |
| श्री प्रतिनिधि, राष्ट्रिय अनौपचारिक शिक्षा परिषद | National Council for NFE | " |
| श्री डा. उत्तम कृष्ण कर्माचार्य | CEFA | " |
| श्रीमती डा. समिरा लुइटेल | CERID | " |


प्रकाशक

अनौपचारिक शिक्षा राष्ट्रिय श्रोत केन्द्र, नेपाल

पो.ब.नं ७८, पाटन, जावलाखेल, ललितपुर

Published by:

National Resource Center for Non Formal Education

(NRC-NFE)

(Working office: Jawalakhel, Lalitpur P.O.Box Patan 78)

(Tel: 977-1-521424, 977-1-526884 Fax: 977-1-524457)

Namuna Machhindra Boarding High School Building, Lagankhel, Patan. Tel: 521156

**With Support from NFUAJ**